रंगेली नगरपालिका मोरङ्गद्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्या : ८** **मिति : २०७९/०३/१०**

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन२०७४,
को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रंगेली नगरपालिकाको वन वर्गीकरण, दर्ता तथा नियमन कार्यविधी, २०७९

नगरकार्यपालिका बाट स्वीकृत मितिः२०७९/०३/१०

रंगेली नगरपालिकाको वन वर्गीकरण, दर्ता तथा नियमन कार्यविधी, २०७९

प्रस्तावना :

नगरपालिकामा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, निजी, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्दै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, वातावरणीय पूर्वाधार लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान स्थानीय वन व्यवस्थापन सम्वन्धी आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन कार्यविधी, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ङ) को अधिकार कार्यान्वयन गर्न नेपालको संबिधान धारा २२६ बमोजिम रंगेली नगरपालिकाको नगरसभाले यो"स्थानीय वन कार्यविधी, २०७९" बनाएको छ

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस कार्यविधीको नाम "रंगेली नगरपालिकाको वन वर्गीकरण, दर्ता तथा नियमन कार्यविधी, २०७९" रहेको छ ।

(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिवाट लागू हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) "अधिकारवाला" भन्नाले यस कार्यविधी बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ख) "उद्योग" भन्नाले यस कार्यविधी बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादन मुल व्यवसाय भन्ने सम्झनु पर्छ ।

(ग) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी वा सामुदायिक वनमा रहेको वनस्पति, जीव र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(घ) "निजी वन" भन्नाले व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा संस्थागत तथा निजी तवरले स्थापना, संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ङ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(च) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागतज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनुपर्छ ।

(छ) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(ज) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, कबिलियती वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षरोपण, सीमसार क्षेत्र , प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र निजी वन समेतलाई सम्झनु पर्छ ।

(झ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथाव्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ।

(ट) “सामुदायिक वन” भन्नाले समुदायद्धारा व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ।

(ठ) “सामुदायिक वन उपभोक्ता समुह” भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवंलाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ।

(ड) “सामुदायिक वन उपभोक्ता समिति” भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ।

(ढ) “स्थानीय वन परिषद्” भन्नाले दफा ५ बमोजिम गठन हुने वन अधिकार संरक्षण सम्वन्धि गठन भएको स्थानीय वन परिषद्लाई सम्झनु पर्छ।

(ण) “सम्बन्धित अधिकारी” भन्नाले यस कार्यविधी र प्रचलित कानून बमोजिम कर्तव्य
निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ।

## परिच्छेद २
## बन सुचिकरण तथा दर्ता सम्बन्धि व्यवस्था

३. बन सुचीकरण सम्बन्धि व्यवस्थाः (१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन र नीजि वनहरुले देहायका कागजात सहित नगरपालिकामा सुचीकृत हुनु पर्नेछ ।

(क) दर्ता (हस्तान्तरण) प्रमाण पत्र

(ख) स्वीकृत बिधान

(ग) उपभोक्ता समितिको बिवरण

(घ) गत ३ बर्ष देखिको लेखा परिक्षण प्रतिवेदन

(ङ) कार्ययोजना

(२) उपदफा (१) बमोजिम नगरपालिकामा सुचिकरणका लागि निवेदन प्राप्त भएको १५ दिन भित्र नगरपालिकाले आवश्यक कागजात प्राप्त भए नभएको जाँचबुझ गरी सम्बन्धित वनलाई नगरपालिकामा सुचिकृत भएको प्रमाण पत्र दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुचिकृत भएकालाई नगरपालिकाले साधन स्रोत भएसम्म प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

४. निजी बन दर्ता गर्न पर्नेः (१) निजी बन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी बनदर्ताका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन बन कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी नगरपालिकाकाले निजी बन वन दर्ता गरी अनुसुची १ को ढाँचामा प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी नगरपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई पठाउनेछ ।

(४) निजी बन दर्ता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ३
## संस्थागत संरचना

५. वन परिषद्को गठनः (१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला,दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा नगरपालिकालाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) वन,वातावरण तथा विपद् समितिको संयोजक - सदस्य १ जना

(ग) अध्यक्षले तोकेको नगरसभाको प्रतिनिधि - सदस्य २ जना

(घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि- सदस्य १ जना

(छ) नीजि वनको प्रतिनिधि-सदस्य १ जना

(झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट नगर प्रमुखले मनोनित गरेको न्यूनतम् १ महिला सहित प्रतिनिधि - सदस्य ३ जना

(ञ) वन वातावरण क्षेत्र हेर्ने शाखाको प्रमुख - सदस्य सचिव

तर, नगरपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि नगर प्रमुखको पदावधि रहे बमोजिम हुनेछ ।

(६) परिषद्का पदाधिकारीहरु र कर्मचारीले नगरपालिकाले बैठक भत्ता र खाजाको सुविधा पाउनेछन् ।

६. परिषद्को काम, कर्तव्य र अधिकारः (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदिको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासीजनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन सम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारको सम्बन्धमा सूचित तथा अनुसन्धान गर्ने, गराउने

(घ) वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगरपालिकालाई सुझाव दिने ।

(ङ) वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(च) वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(छ) वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(ज) परम्परागतरुपमा संरक्षण, संम्बर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वनप्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(झ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ञ) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ट) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने,

(ठ) समुदायको आन्तरीक शुसासनको लागि आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने,

(ङ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

७. परिषद्को बैठक सम्बन्धी कार्यविधिः (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. बन तथा वातावरण शाखाको व्यवस्थापन गर्नु पर्नेः (१) नगरपालिकाले वन तथा वातावरण क्षेत्रको व्यवस्थापनका लागि एक जना अधिकृत स्तरका स्थायी कर्मचारी र अन्य कर्मचारी रहने गरी शाखाको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखाको मुख्य जिम्मेवारी बन दर्ता तथा सूचिकरण, अभिलेख व्यवस्थापन, परिषदका निर्णयहरुको कार्यान्वयन आदि र अन्य जिम्मेवारी कार्यपालिकाले तोके बमोजिम हुनेछन ।

९. नगर बन संजाल गठनः नगर क्षेत्रमा क्रियाशिल बन उपभोक्ता समितिहरुले आफ्ना सदस्यहरुको आर्थिक सामाजिक एवं सांस्कृतिक समृद्धि हासिल गर्नका लागि आवश्यक छलफल परामर्श, योजना र सरोकारवाला सँग प्रतिनिधिमुलक प्रतिनिधित्व गर्न नगर स्तरीय वन संजाल गठन गर्न सक्नेछन । संजाल संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## अधिकार तथा दायित्व

१०. नगरपालिकाको काम कर्तव्य अधिकारः (१) यस कार्यविधीले सृजना गरेका दायित्वका अतिरिक्त नगरपालिकाको काम कर्तव्य अधिकार बमोजिम हुनेछन ।

(क) वन, जंगल, वन्यजन्तु, सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।

(ख) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन गर्ने ।

(ग) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षरोपण व्यवस्थापन गर्ने,

(घ) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन गर्ने

(ङ) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षरोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।

(च) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सकंलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापनको व्यवस्थापन गर्ने ।

(छ) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र त्यसको प्रवर्द्धन गर्ने ।

(ज) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने ।

(झ) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन गर्ने

(ञ) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन सम्बन्धि कार्य गर्ने

(ट) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन सम्बन्धी कार्य गर्ने

(ठ) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन सम्बन्धी कार्य गर्ने ।

(ड) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन गर्ने ।

(ढ) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाकंन र अध्ययनअनुसन्धान गर्ने गराउने ।

(ण) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत संकलन गर्ने ।

(त) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन गर्ने ।

अनुसूची १